PRABHU BANK

## प्रभु बैंक लिमिटेडको १२औं तथा १३औं साधारण सभा सम्पन्न सम्बन्धी प्रेस बिज्ञप्ती

प्रभु बैंक लिमिटेडको १२औं तथा १३औं बार्षिक साधारण सभा आज मिति २०७१/१२/१३ गते शुक्रबारका दिन बैंकको प्रधान कार्यालय बबरमहलमा सम्पन्न भई निम्न बमोजिमका प्रस्तावहरु पारित गरेको छ ।

१. साबिक किष्ट बैंक लिमिटेडको आ.ब.०६९/०७० र हाल प्रभु बैंक लिमिटेडको आ.ब.०७०/०७१ (साबिक किष्ट बैंक लिमिटेड, प्रभु बिकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाईनान्स लिमिटेड) को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रबाह विवरण लगायतका संलग्न अनुसूचीहरु पारित गर्ने निर्णय गरेको छ ।

२. संञ्चालक समितिको निर्बाचन सम्पन्न भई संस्थापक समुहबाट श्री देवी प्रकाश भट्टचन, दक्ष पौडेल सुभाष, बिकाश शाक्य र अम्बीका शर्मा लामिछाने तथा सर्बसाधारण समुहबाट पुष्प बहादुर प्रधान र कुसुम लामा गरि जम्मा ६ जना संचालक निर्बिरोध निर्बाचित गरेको छ ।

साथै पेस भएका सम्पुर्ण प्रस्ताव पारित गर्दै बिशेष प्रस्ताव अन्तर्गत बैंकको जारी तथा चुक्ता पुँजी रु ३,८५,०६,६२,००० पुर्‍याउन १००:२० (एक सय बराबर बिस) को अनुपातमा हकप्रद शेयर जारी गर्ने, संस्थापक शेयरधनीहरुको समूह क मा रहेको उपसमुह खारेज गर्ने, बैंकको नियमावलीको ठेगाना परिवर्तन गर्ने, बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा एक्विजिसन, खरिद गर्ने प्रकृया अगाडी बढाउन, सो कार्यका लागि सम्पति र दायित्व तथा कारोवारको मुल्याङ्कन गर्न मुल्याङ्कनकर्ता नियुक्त गर्न तथा समझदारीपत्रमा हस्ताक्षर गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय समेत गरेको छ ।

धन्यवाद !

मिति २०७१/१२/१३ गते